नगर कार्यपालिकालाई आवश्यक राय, सुझाव तथा परामर्श प्रदान गर्न यस अघि गठित नगर स्तरीय समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

पञ्चपुरी नगरपालिकामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्न तत्काल कुनै निर्णय गर्न, निर्णय कार्यान्वयन गर्न, जनशक्ति परिचालन गर्न, अत्यावश्यक सामाग्री खरिद गर्न तथा अन्य कुनै आकस्मिक कार्य गर्न नगर कार्यपालिकाको बैठक, नगर स्तरीय समितिको बैठक र नगर स्तरीय अनुगमन समितिको बैठक बस्न सम्भव नभएमा देहायको समितिलाई उल्लेखित कार्यहरु गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१. नगर प्रमुख - संयोजक
२. नगर उप प्रमुख - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. स्वास्थ्य शाखा प्रमुख - सदस्य
५. जिन्सी शाखा प्रमुख - सदस्य

**निर्णय नं. ४**

पञ्चपुरी नगरपालिकामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण फैलिन नदिनको लागि प्रत्येक टोलमा विदेशबाट आउनु हुने बासिन्दाहरुलाई वडा स्तरीय अनुगमन समितिको समन्वय तथा सक्रियतामा १० (दश) दिन होम क्वारेन्टाईनमा राख्ने र कोभिड-१९ संग मिल्दो लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

समुदाय स्तरमा कोभिड-१९ को जोखिम फैलिन नदिन पञ्चपुरी नगरपालिका क्षेत्रभित्र संक्रमितहरुको उचित व्यवस्थापनको लागि पञ्चपुरी नगरपालिका वडा नं. ५ स्थित नेपाल विद्युत प्राधिकरणको विद्युत सव-स्टेशनलाई आइसोलेशन सेन्टरको रुपमा तोकी सञ्चालन गर्ने र यस अघि अस्थायी कोरोना अस्पतालमा करार सेवामा कार्यरत कर्मचारीहरु क्रमशः स्टाफ नर्स निश्ता रामजाली, स्टाफ नर्स निर्मला वि.सी. र का.स. भावना नेपाली लाई उक्त आइसोलेशनमा खटाउन कोरोना कोषबाट तलब भत्ता खाने गरी निरन्तरता दिने निर्णय गरियो ।